नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**
(सूचना व्यवस्थापन शाखा)

फोन: ४११२७१७
४११२५५१
४११२७५३
फ्याक्स : ४११२६५२
www.doinepal.gov.np
pressdoi8@gmail.com

प.सं. : २०७४/७५
च.नं. ४२४

मिति : २०७४/८/२२

विषयः- विज्ञापन नमूना पठाइएको ।

श्री सम्पादकज्यू
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा श्री सूचना तथा सञ्चार मन्त्रालयको प.सं.२०७४।०७५ च.नं. प्रेस ।२२। १११ मिति २०७४।०८।१३ गतेको पत्रसाथ संलग्न श्री गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको पत्रानुसार शीत-लहरबाट हुनसक्ने असरलाई न्यूनिकरण गर्न यो पत्रसाथ संलग्न निम्न सूचना सन्देशहरु लोक कल्याणकारी विज्ञापनको रुपमा प्राथमिकता दिई मिति २०७४/०८/२० को पत्रबाट पठाइएको पुनर्निर्माण तथा भूकम्प प्रतिरोधी नवनिर्माणका सन्देशहरुसँग आलोपालो मिलाई मंसिर, पुस, माघ, फागुन महिनाभित्र प्रकाशन गर्ने व्यवस्था हुन मिति २०७४/८/२२ को निर्णयानुसार अनुरोध छ ।

२/२/२०७४/८/२२

(सरस्वती महर्जन)
शाखा अधिकृत

बोधार्थः-
श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार, सिंहदरवार, काठमाडौं ।
श्री गृह मन्त्रालय (राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र)
श्री सबै सञ्चार केन्द्रहरु :- उपर्युक्त अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।
श्री आर्थिक प्रशासन शाखा, सूचना विभाग ।

## शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,

- न्यानो कपडाको जोहो समयमै गरौँ ।
- शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ ।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने गरौँ । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ ।
- शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौँ, छाती र टाउकोलाई चिसोबाट जोगाउने कार्य गरौँ ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खाने कुराहरु खाने बानीको विकास गरौँ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौँ ।
- शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔँ ।
- चिसोका कारण पुशपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔँ ।
- कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग